उमाकुण्ड गाउँपालिका

# स्थानीय राजपत्र

(उमाकुण्ड गाउँपालिकाद्धारा प्रकाशित)

**खण्डः ३ संख्याः २ मितिः २०७६/०३/०९**

**भाग-२**

## उमाकुण्ड गाउँपालिका

## उमाकुण्ड गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी मापदण्ड- २०७६

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६९ को उपदफा ४ र ५ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाले इमान्दार र कर्तव्य निष्ठ कर्मचारीहरुको मनोबल उच्च बनाई जनशक्तीलाई गाउँपालिकाको नीतिगत, प्रशासनिक एंव संरचनागत समृद्धि र विकासलाई संस्थागत गरी गाउँपालिकाको दीर्घकालीन सोच, उद्धेश्य र नीतिलाई कार्यान्वयन गर्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप उमाकुण्ड गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी मापदण्ड- २०७६ बनाइ स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

उमाकुण्ड गाउँपालिका

# उमाकुण्ड गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता वितरण सम्बन्धी मापदण्ड- २०७६

## १. परिचयः

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६९ को उपदफा ४ र ५ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाले इमान्दार र कर्तव्य निष्ठ कर्मचारीहरुको मनोबल उच्च बनाई जनशक्तीलाई गाउँपालिकाको नीतिगत, प्रशासनिक एंव संरचनागत समृद्धि र विकासलाई संस्थागत गरी गाउँपालिकाको दीर्घकालीन सोच, उद्धेश्य र नीतिलाई कार्यान्वयन गर्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप उमाकुण्ड गाउँपालिकाको कर्मचारी प्रोत्साहन सम्बन्धी मापदण्ड-२०७६ बनाइएको छ ।

## २. उद्धेश्यः

क) कर्मचारीहरुको मनोबल उच्च राख्ने ।

ख) सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

ग) गाउँपालिकाको नीतिगत, प्रशासनिक एंव संरचनागत विकास गर्ने ।

घ) स्थानीय तहमा सुशासन कायम गर्ने ।

ङ) योजना तथा कार्यक्रम कार्यान्वयनमा तीब्रता ल्याउने ।

## ३. प्रोत्साहन भत्ता पाउने कर्मचारीः

क) उमाकुण्ड गाउँपालिका अन्तर्गतका दरबन्दीमा कार्यरत स्थायी, अस्थायी र करार कर्मचारीहरु ।

ख) उमाकुण्ड गाउँपालिका भित्र कार्यरत स्वास्थ्य सेवाका स्थायी, अस्थायी र करार कर्मचारीहरु ।

ग) उमाकुण्ड गाउँपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत, करार, विद्यालय कर्मचारी र बाल विकास केन्द्रका सहजकर्ताहरु ।

घ) अतिरिक्त हुलाकका कर्मचारी तथा कम्तिमा ६ महिना देखि अन्य ठाउँमा दरबन्दी भई यस गाउँपालिकामा काजमा कार्यरत कर्मचारीहरु ।

## ४. प्रोत्साहन भत्ता रकमः

४.१)उमाकुण्ड गाउँपालिका भित्र कार्यरत सबै कर्मचारीहरुलाई मासिक रु. ५००।- (पाँच सय) को दरले १२ महिनाको प्रोत्साहन भत्ता रकम उपलब्ध गराइनेछ ।

४.२)उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थाई, करार तथा अन्य कर्मचारीहरुलाई मासिक रु ३ हजार खाजा खर्च उपलब्ध गराईनेछ ।

## ५. प्रोत्साहन भत्ता वितरण प्रक्रियाः

प्रोत्साहन भत्ता मासिक रुपमा वितरण गरिनेछ ।

## ६. प्रोत्साहन भत्ता नपाउनेः

उमाकुण्ड गाउँपालिका

देहायको अवस्थामा उमाकुण्ड गाउँपालिकामा कार्यरत कर्मचारीहरुले प्रोत्साहन भत्ता पाउने छैनन् ।

क) विना सूचना लगातार ७ (सात) दिन कार्यालयमा अनुपस्थित भएमा।

ख) महिनामा १० (दश) दिन भन्दा बढी बिदामा बसेमा सो महिनामा ।

ग) सेवाग्राही सँग असल व्यवहार नगरेमा ।

घ) कानुन बमोजिम कार्वाहीमा परेमा ।

**७. परिमार्जन गर्ने सकिने:**

उमाकुण्ड गाउँपालिकाले उपलब्ध गराउने कर्मचारी प्रोत्साहन भत्ता आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाात परिमार्जन गरी लागु गरिनेछ ।

**८. कर कट्टी हुने:**

प्रोत्साहन भत्तामा नियमानुसार कर कट्टी हुनेछ ।

आज्ञाले<br>
श्री ईश्वरी प्रसाद सुवेदी<br>
प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका